भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. :-२०७७/७८
च.नं.:- १५९८

मिति :- २०७८/०२/१२

विषय :- सुचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा एकिकृत कृषि तथा पशुपंन्छी विकास कार्यालय, रुकुमकोट, रुकुम (पूर्व)को प.सं. २०७७/७८, च.नं. ५५३ र मिति २०७८/०१/२६ को प्राप्त ***फलफूल विरुवा रोपन अभियान कार्यक्रमको प्रस्ताव आह्वानको सूचना*** थान एक (१) त्यहाँ वडा कार्यालको सुचना पाटीमा टाँस गरी वडाबासी कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/कम्पनी/सार्वजनिक संस्थाहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ । साथै उक्त प्रस्ताव आह्वानको सूचना यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

..............................
(विशाल पुन मगर)
ना.प्रा.स. (कृषि सेवा केन्द्र)

विशाल पुन मगर ना.प्रा.स. (कृषि इकाई)

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९८०९८१८७७७, ९८०१३३२३३३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

प्रदेश सरकार
लुम्बिनी प्रदेश
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम पूर्व

फोन नं.०८८-४१३१७१, ४१३१८१
Website: ialdorukumeast.p5.gov.np

पत्र संख्याः २०७७/७८
चलानी नं.:५५३

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७८।०१।२६**

यस कार्यालयको चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत कार्यक्रम अन्तर्गत **"फलफूल बिरुवा रोपण अभियान"** कार्यक्रममा सहभागी हुन इच्छुक रुकुम (पूर्व) जिल्ला भित्रका कृषक,कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कम्पनी र सार्वजनिक संस्थाहरुका लागि यो सूचना प्रकाशित भएको मितिले ३० (२०७८।०२।२४) दिन भित्र तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयमा वा सम्बन्धित गाउँपालिको कृषि विकास शाखामा आवश्यक बिरुवाको माग प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना आह्वान गरिएको छ।कार्यक्रम संग सम्बन्धित कार्यविधिहरु तथा सूचना कार्यालयको वेभसाइट ialdorukumeast.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ।थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं ०८८-४१३१७१मा वा कार्यालयका सूचना अधिकारी श्री सुकइ प्रसाद थारु (फोन नं. ९८५७०१४७५९)सम्पर्क गर्न सकिने छ ।साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपसिलः

१) **कार्यक्रमको नामः फलफूल बिरुवा रोपन अभियान कार्यक्रम।**

२) **स्वीकृत बजेटः** ४ (चार) लाख मात्र।

३) **सञ्चालन प्रकृयाः** फलफूल बिरुवा रोपण अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजम सञ्चालन हुने।

४) **सञ्चालन गर्न सकिने कृयालापहरुः** बर्षे फलफूल बिरुवा वितरण।

५) **कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थानः** जिल्ला भरी

६) **आवेदकको किसिमः** रुकुम (पूर्व) जिल्ला भित्रका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कम्पनी र सार्वजनिक संस्थाहरु।

७) **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. रु. १० को टिकट टाँसेको निवेदन (अनुसूची १ बमोजिमको ढाँचामा)।

२. नेपाली नागरिकताको प्रतिलिपि।

३. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनी/ सार्वजनिक संस्थाहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्र, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण पत्र तथा सहकारीको हकमा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।

४. जग्गा धनि पूर्जाको प्रतिलिपि। भाडामा लिएको भए कम्तिमा १० बर्ष करार पत्र।

५. समुह तथा सहकारिको हकमा प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रति र जिम्मेवार व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि।

६. समुह तथा सहकारीमा संलग्न सदस्यहरुको कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पत्र

७. आवेदकसँग रहेको लगानीको श्रोतको आधार।

८. अनुसूचि २ बमोजिम व्यावसायिक योजना सहित अन्य विवरण।

९.अनुसूची ३, बमोजिमको ढाँचामा प्रतिवद्धता पत्र।

८) **अनुदानको सिमाः**

(क) साना किसान (करेशा बारी प्रयोजना)को हकमा शत प्रतिशत अनुदान।

(ख) व्यसायिक फलफूल खेती गर्ने कृषकको हकमा ५०% अनुदान वा अधिकतम रु. एक लाख सम्म।

अरबिन्द मणि त्रिपाठी
प्रमुख (अधिकृतस्तर आठौं)

"स्वच्छ र सक्षम निजामती प्रशासन, समृद्धि र सुशासन"